जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए, हर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का.महोत्तरी.द.नं. ४१/०७०/७१
जि.महोत्तरी.हु.द.नं. २/०७०/७१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday
@gmail.com

बर्ष ९ • अंक ३५५ • २०७९ असोज २८ गते शुक्रवार • 14 Oct. 2022 • पृष्ठ ४ • मुल्य रु.५/-

## (पाँच दल)को बाम- लोकतान्त्रिक गठबन्धनको अवस्था बलियो

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २७ असोज

मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा महोत्तरीको चार वटै क्षेत्रमा काँग्रेस नेतृत्वको सत्तारुढ दल (पाँच दल)को बाम- लोकतान्त्रिक गठबन्धनको अवस्था बलियो देखिएको छ। बैशाख ३० गते सम्पन्न स्थानिय तहको मत परिणामको आँकडा देख्दा सबै क्षेत्रमा पाँच दलिय गठ्बन्धनको अवस्था बलियो देखिन्छ।




क्षेत्र न १ मा पाँच दलिय गठबन्धनले ३७ हजार ६ सय ११ र एमाले-जसपाको दुई दलिय गठबन्धनले १५ हजार २ सय ६८ मत प्राप्त गरको छ। क्षेत्र नं २ मा पाँचदलिय गठबन्धनले ४२ हजार २ सय १७ र दुई दलिय गठबन्धन ले १५ हजार ५ सय ८९ मत ल्याएको छ । क्षेत्र नं ३ मा पाँच दलिय गठबन्धनले २९ हजार ५ सय ४३ र दुई दलिय गठबन्धनले २५ हजार १ सय ५७ मत ल्याएको छ । त्यस्तै क्षेत्र नं ४ मा पाँच दलिय गठबन्धनले ३७ हजार ८ सय ६९ र दुई दलिय गठबन्धन ले २०हजार १ सय ५ मत ल्याएको छ। यसरी स्थानीय तहको निर्वाचनको मत परिणाम देख्दा मत

बांकी पृष्ठ २ मा ।

## दुईजनाको उम्मेदवारी परेको पछि दुबै ठाउँमा आधिकारिताको लडाइँ

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २७ असोज

महोत्तरी निर्वाचन क्षेत्र नं. १ र २ को (क) मा गठबन्धन बाटै दुईजनाको उम्मेदवारी परेको पछि दुबै ठाउँमा आधिकारिताको लडाइँ सुरु भएको छ। क्षेत्र नम्बर १ 'क' मा गठबन्धन भित्रको नेकपा एकीकृत समाजवादी (एस)बाट सुरेश राउत र लोसपाका पिताम्बर महतोले उम्मेदवारी दर्ता गरेका छन्।




दुवै उम्मेदवारले आफुहरू गठबन्धनको साझा उम्मेदवार भएको दावी गरेका छन्। तर, गठबन्धनले भने आधिकारिक उम्मेदवार को हो भनेर निणर्य गरिसकेको छैन । गठबन्धनका वरिष्ठ नेता शरतसिंह भण्डारीले भनेर नै उम्मेदवारी दर्ता गराएको महतोको दाबी छ भने राउतले पनि नेकपा एसका अध्यक्ष माधव नेपालको निर्देशन मानेको बताउँदै आएका छन्।

निणर्यानुसार महोत्तरी क्षेत्र १ 'क' कांग्रेस र 'ख' मा माओवादीले पाउने तय भएको थियो । तर, लोसपाको उम्मेदवार नै साझा उम्मेदवार भएको बताउँदै एकाएक महतोले टिकट पाएको हल्ला चलेपछि नेकपा एसका राउतले पनि मनोनयन दर्ता गराएका थिए। बुधवार मनोनय फिर्ता लिने समय सीमा रहेपनि नेकपा एसका राउत वा लोसपाका महतो दुबै मध्ये कसैले फिर्ता लिएनन् । नेता राउतले भने अध्यक्ष माधव नेपालले भनेर नै टिकट ल्याएर

बांकी पृष्ठ २ मा ।

## धनुषामा प्रतिनिधिसभातर्फ १०१ जना उम्मेदवार चुनावी मैदानमा

जलेश्वरटुडे समाचारदाता
धनुषा, २७ असोज

आगामी मंसिर ४ गते हुने प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनका लागि धनुषामा प्रतिनिधिसभातर्फ १०१ जना उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् । चुनावी मैदानमा होमिएकामध्ये झण्डै एक दर्जन उम्मेदवार पूर्वमन्त्री नै रहेका छन्।



यस्तै नयाँ अनुहारपनि उल्लेख्य रहेका छन्। निर्वाचन आयोगले सार्वजनिक गरेको उम्मेदवारको अन्तिम सूचीअनुसार क्षेत्र नम्बर १ मा २५ उम्मेदवार रहेका छन्। जसमा सत्ता गठबन्धनबाट पूर्वमन्त्री तथा माओवादी केन्द्रका नेता मात्रिका प्रसाद यादव उम्मेदवार रहेका छन्। उनको प्रमुख प्रतिद्वन्द्वीमा जसपाका दीपक कार्की रहेका छन्। कार्कीलाई एमालेको समर्थन रहेको छ। यसैगरी सोही क्षेत्रबाट राष्ट्रिय प्रजातन्त्र पार्टीबाट मनोज मल्ल ठकुरी, जनमत पार्टीबाट किशोरी साह कमल, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट नेपाल लक्ष्मण महतो सुडी, नेपाल सद्भावना पार्टीबाट राजदेव महतो, सामाजिक एकता पार्टी केशर मुखिया, राष्ट्रिय स्वतन्त्र पार्टीबाट धर्मेन्द्र कुमार राय उम्मेदवार रहेका छन्।

यस्तै सोही क्षेत्रबाट स्वतन्त्रमा दामोदर चौहान, अजय कुमार ठाकुर, लक्ष्मेसर साह, जनार्दन मंडल, जय नारायण यादव, अशोक कुमार यादव, युगेश्वर यादव, भुपेन्द्र यादव, महेश कुमार यादव, अशोक गोहितमान, साधु यादव, सुर्य नारायण जोशी, संजित कुमार साह, महेश लाल यादव, विजय कुमार यादव, धिरज प्रसाद न्यौपाने र मोहमद तैयब सेख उम्मेदवारी रहेको छ। यसैगरी क्षेत्र नम्बर २ मा एमालेबाट उमाशंकर अरगरिया र कांग्रेसबाट रामकृष्ण यादव उम्मेदवार छन्। यस्तै नेकपा

बांकी पृष्ठ २ मा ।

## मन्त्रीहरूलाई हटाएसँगै त्यसको साइड इफेक्ट मधेस प्रदेशमा

जलेश्वरटुडे समाचारदाता
धनुषा, २७ असोज

केन्द्र सरकारमा रहेका जनता समाजवादी पार्टी (जसपा) नेपालका मन्त्रीहरूलाई हटाएसँगै त्यसको साइड इफेक्ट मधेस प्रदेशमा देखिने भएको छ।




प्रधानमन्त्री शेरबहादुर देउवाले संघीय सरकारमा रहेका जसपाका चारजना मन्त्रीलाई हटाएसँगै मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले पनि आफ्नो मन्त्रीमण्डलमा रहेका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका मन्त्रीहरूलाई हटाउने तयारी गरेका हुन्। मुख्यमन्त्री राउतले भने, 'संघमा हाम्रो पार्टीका मन्त्रीहरू हटाएपछि अब हामीले यहाँ पनि मन्त्रीहरू हटाउँछौं। त्यसका लागि हामी छलफल गरिरहेका छौं।' हाल मधेस प्रदेश सरकारमा माओवादीका एक मन्त्री र एक राज्य मन्त्री, एकीकृत समाजवादीका एक मन्त्री र एक राज्यमन्त्री तथा नेपाली कांग्रेसका तीन जना मन्त्रीहरू छन्।

कांग्रेसबाट भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादव खानेपानी तथा ऊर्जा विकास मन्त्री ओमप्रकाश शर्मा महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्री वीरेन्द्रप्रसाद सिंह रहेका छन् भने नेकपा एकीकृत समाजवादीबाट उद्योग, पर्यटन तथा वन मन्त्री शत्रुधन महतो कानुन, न्याय तथा प्रदेशसभा मामिला मन्त्री प्रमोद यादव उद्योग, पर्यटन तथा वन राज्यमन्त्री नागेन्द्र राय यादव छन् । माओवादीबाट आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरत साह र रुवि कर्ण छन् । जसपाले सत्ता गठबन्धन छाडेर प्रमुख प्रतिपक्षी दल नेकपा एमालेसँग चुनावी गठबन्धन गरेपछि देउवाले बिहीबार संघीय

बांकी पृष्ठ २ मा ।

### डेंगीबाट बचौं ।

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यांरा कुना काप्चामा किटनाशक औषधी छर्नकने गरौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चित्सिक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

स्वास्थ्य कार्यालय जलेश्वर, महोत्तरी

चाडपर्वको बेला सवारी साधनमा भीडभाड नगरौं,
मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।

दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड



जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## सम्पादकीय ...

# चुनावी तालमेल: सत्य कुल्चिएर शक्ति रोज्ने अभ्यास

*गत असोज ३ गते मुलुकमा संविधान दिवस मनाइँदै गर्दा दलहरू आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि समानुपातिकतर्फका उम्मेदवारहरूको बन्दसूची तयार गर्ने चटारोमा थिए । त्यसपछिको एक साता दलहरूले समानुपातिक सूचीलाई अन्तिम रूप दिनमै व्यतीत गरे । दलहरूले पेश गरेका समानुपातिक उम्मेदवारहरूको सूचीले राजनीतिमा मौलाएको परिवारवाद छरपस्टै देखियो । समानुपातिक सूची पेश गर्ने सवालमा नेकपा एमालेले यसपटक नयाँ अनुहारहरूलाई स्थान दिएर नयाँ पुस्ताको विश्वास जित्ने प्रयास गरेको देखियो ।*

*तर, नेपाली कांग्रेसलगायत अन्य दलहरूको अवस्था भने नातावाद, कृपावाद र परिवारवादकै वरिपरि घुमेको देखियो । समानुपातिकको लफडा सकिएपछि दलहरूले प्रत्यक्षतर्फको उम्मेदवारीको कसरत गरे । चुनावी तालमेल र गठबन्धनका अनेकौं बैठक र छलफल भए, गरिए । मुख्य सत्ताधारी दलहरूको सत्ता गठबन्धनमा सिट बाँडफाँटका अनेकौं प्रयत्न र विकल्पहरूमाथि छलफल गरियो । उता प्रमुख प्रतिपक्षी दलले पनि चुनावी तालमेलका लागि केही फुटकर कसरत गर्‍यो । तर, लगत्तै दशैंले छोप्यो र सबै चाडपर्वको रमझममा व्यस्त भए । यसपटकको दशैंमा गाउँघरदेखि शहरबजारसम्म चुनावी चर्चा नै व्याप्त भएको देखियो ।*

*चाडपर्व मनाउन लामो समयपछि आफ्नो थातथलो पुगेका आफन्तजनहरू पनि चुनावी माहोलका कारण पक्ष-विपक्षमा बाँडिएको देखियो । तर, वर्तमान समयको राजनीतिक दुःख नै यही छ कि दलहरूलाई जे-जसरी हुन्छ आफ्नो चुनावी श्रेष्ठता हासिल गर्नु छ । जे-जसरी हुन्छ सत्ता र शक्ति अजमाउनु छ । अनि जे-जसरी हुन्छ आफ्नो वर्चश्वशाली हैसियत कायमै राख्नुछ । त्यसैले सत्ता गठबन्धनको विकल्पको रूपमा विपक्षी गठबन्धन खडा भएको छ । यसबाट के प्रष्ट भएको छ भने राजनीतिमा दलीय एजेण्डाहरू अन्तरघुलित भइसकेका छन् । अब हेर्नुछ, निर्वाचनपछि ती अन्तरघुलित एजेण्डाहरू कसरी नीति र कार्यक्रममा रूपान्तरित हुनेछन् ।*


*(पाँच दल)को बाम................*
विभाजित नहुने अवस्था आए सत्तारुढ गठबन्धनबाट क्षेत्र नं १ बाट गिरिराजमणि पोखरेल (माओवादी), क्षेत्र नं २ बाट शरत सिह भण्डारी (लोसपा), क्षेत्र नं ३ बाट महन्थ ठाकुर (लोसपा) र क्षेत्र नं ४ बाट महेन्द्र कुमार राय (काँग्रेस)को जित सुनिश्चित देखिएको छ।

*दुईजनाको उम्मेदवारी परेको.............*
मनोनयन दर्ता गरेको हुनाले ब्याक हुने कुरा नभएको बताए। मतदाताको हिसाबले हो भने 'क' कांग्रेसले पाउनु पर्ने हो। तर, उनीहरूले नपाएपछि नेकपा एस नै यसको प्रमुख दावेदार भएको उनको बुझाइ छ। त्यसैगरी महोत्तरीको निर्वाचन क्षेत्र नम्बर २ 'क' मा पनि सत्ता गठबन्धन बाटै दुई दलका नेताको उम्मेदवारी परेपछि आधिकारिकताको लडाइँ शुरु भएको छ। सत्ता गठबन्धनबाटै सो क्षेत्रमा नेकपा एकीकृत समाजवादी(एस) की मञ्जु कुमारी यादव र लोसपाका जयनुल राइनले प्रदेशसभा सदस्यका लागि उम्मेदवारी दर्ता गराएका छन्। दुवै उम्मेदवार औपचारिक रुप मै प्रचार प्रसारमा जुटिसकेका छन्।

*धनुषामा प्रतिनिधिसभातर्फ..........*
एकीकृत समाजवादीबाट रामचन्द्र झाको उम्मेदवारी रहेको छ। तीनै उम्मेदवार पूर्वमन्त्री हुन्। यस्तै जनता समाजवादी पार्टी नेपालले आनन्द यादव, राष्ट्रिय प्रजातन्त्र पार्टीलेराज कुमार अधिकारी, जनमत पार्टीले जय नारायण साह, जनता प्रगतिशिल पार्टी, नेपालले रुप नारायण मंडल, केवट, राष्ट्रिय स्वतन्त्र पार्टीले चनसेखर कुमार यादवलाई उम्मेदवपार बनाएको छ। यस्तै यस्तै क्षेत्र नम्बर १ मा जस्तै २ मा पनि स्वतन्त्रको बाढी रहेको छ। स्वतन्त्र उम्मेदवारी दिनेमा प्रदिप कुमार यादब, बद्री प्रसाद फरकार यादव, न्यास यादव, शिवा नन्द पाण्डे, राजेश कुमार अमात, शैलेन्द्र कुमार सिंह, राम एकवाल यादव र घुरन यादव रहेका छन्। यस्तै धनुषा क्षेत्र नम्बर ३ मा एमालेले जुली कुमारी महतो (महासेठ) लाई उम्मेदवार बनाएको छ।

*मन्त्रीहरूलाई हटाएसँगै......*
मामिला तथा सामान्य प्रशासन मन्त्री राजेन्द्र श्रेष्ठ, भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इस्तियाक राई, कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्रकुमार सिंह र वन तथा वातावरणमन्त्री प्रदीप यादव बर्खास्त गरेका थिए।


## सूचना




धनुषाधाम नगरपालिकाको कार्यालय, धनुषा

## सूचना

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर र विद्यालय भित्र र वरपरका पानी जम्ने सबै ठाउँहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।



डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?
स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।
घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नकोलागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।
अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।
(चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )


कमला नगरपालिकाको कार्यालय, धनुषा


## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: लामो यात्राको योग छ
मिथून: पढाईमा ध्यान दिनुपर्ने
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: मनमा पछुतो आउने
कन्या: खानपानमा समस्या आउने
तुला: मित्रतामा फाटो आउने
वृश्चिक: आम्दानी हुने
धनु: अशुभ समाचार प्राप्त हुने
मकर: अनावश्यक चिन्ता
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: शुभ कार्यको शुरुवात


## प्रदेश नं.–२ को गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा




## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |


(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# युरोपमा ग्यास आपूर्ति बढाउने पुटिनको प्रस्तावलाई जर्मनीले किन अस्वीकार गर्‍यो ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २७ असोज




रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले बाल्टिक सागर हुँदै जर्मनी जाने नर्ड स्ट्रिम २ पाइपलाइनको लिङ्कमार्फत युरोपेली संघलाई ग्यास आपूर्ति पुनः सुरु गर्न तयार रहेको बताए। तर सो प्रस्तावलाई जर्मनीले तुरुन्तै अस्वीकार गरिदिएकोछ।

बुधवार मस्को ऊर्जा मञ्चमा बोल्दै, पुटिनले पाइपलाइनको दुई लिङ्कहरू मध्ये एउटा गत महिना ठूला चुहावटको कारणले डेनमार्क र स्वीडेनको तट नजिक दबाबमा रहेको बताए। नर्ड स्ट्रिम १ पाइपलाइन पनि सेप्टेम्बरमा समुन्द्रमुनि भएको शक्तिशाली विस्फोटको कारण फुटेको थियो। पश्चिमी अधिकारीहरूले उक्त पाइपलाइन घटना कुनै पक्षद्वारा जानाजान क्षति गराउने उद्देश्य भएको बताए पनि कसैलाई दोष दिएका छैनन्। जर्मन, डेनिस र स्वीडिस अधिकारीहरूले अझै पनि सो पाइपलाइनमा भएको विस्फोटको कारण छुट्याउन अनुसन्धान गरिरहेका छन्। पुटिनका अनुसार पछिल्लो जाँचहरुले दुई पाईपलाईनमध्ये 'नर्ड स्ट्रिम २'को लिङ्क सञ्चालन गर्न सुरक्षित रहेको देखिएको छ। उनले यस पाईपलाईनमार्फत रुस युरोपमा ग्यास पम्प गर्न पाइपलाइन प्रयोग गर्न तयार रहेको बताउदै यसबाट प्रति वर्ष २७ बिलियन(अर्ब) क्यूबिक मिटर (बीसीएम) ग्यास निर्यात गर्न सकिने बताए।

# राष्ट्रिय वाणिज्य बैंकले सामूहिक जमानीमा १० लाख रुपैयाँसम्म कर्जा लगानी गर्ने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २७ असोज




राष्ट्रिय वाणिज्य बैंकले सामूहिक जमानीमा प्रति व्यक्ति १० लाख रुपैयाँसम्म कर्जा लगानी गर्ने भएको छ। बुधवार बैंकले निक्षेप तथा कर्जा सुरक्षण कोषसँग सम्झौता गर्दै विभिन्न शीर्षकमा सहुलियतपूर्ण लघु वित्त तथा विपन्न वर्ग कर्जा उपलब्धताको घोषणा गरेको हो।

सम्झौता अनुसार वाणिज्य बैंक शैक्षिक प्रमाणपत्र धितो जमानीमा प्रति व्यक्ति रु.७ लाख रुपैयाँसम्म, धितो जमानीमा प्रति व्यक्ति रु. २० लाख रुपैयाँसम्म, वैदेशिक रोजगारबाट सीपमूलक तालिम लिई फर्केका युवा तथा दलित समुदायका व्यक्तिलाई सामूहिक जमानी वा परियोजना धितो अन्तर्गत प्रति व्यक्ति रु. १० लाख रुपैयाँसम्म र कोषको पूर्व सहमति लिई महिलाद्वारा सञ्चालित लघु उद्यम परियोजना अन्तर्गत परियोजना धितो राखी वा व्यक्तिगत वा सामूहिक जमानीमा १५ लाखसम्मको कर्जा लगानी गर्नेछ भने सो लगानीको सुरक्षण कोषले गर्नेछ।

यस प्रकार सुरक्षण हुने कर्जाको सुरक्षण शुल्क वार्षिक ०.८ प्रतिशत रहेकोमा ५० प्रतिशत नेपाल सरकारले अनुदान बापत व्यहोर्ने र बाँकी ५० प्रतिशत राष्ट्रिय वाणिज्य बैंक लि.ले कोषमा बुझाउनेछ।

# आलिया भट्टको सफलताको रहस्य के हो ? जर्मनीसँग उनको सम्बन्ध के ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २७ असोज



'हातमा पमपम लिएर केटाहरूका लागि चिच्याउनु, त्यो मेरो शैली होइन। तिनीहरू मेरा लागि चिच्याउनु, सिट्टी बजाउनु, ह्वाट्स माई थिङ।' यो फिल्म 'स्टुडेन्ट अफ द इयर' को शनाया सिंघानिया अर्थात् आलिया भट्टको डायलग थियो। फिल्ममा शनाया फ्यान्टेसी कलेजमा अध्ययनरत धनी केटी हुन् जसको जीवन डिजाइनर कपडा, महँगो सवारी साधन, उच्च जीवनशैली र आफ्ना प्रेमीहरुको वरिपरि घुम्छ।

दस वर्षअघि २०१२ मा आलिया भट्टले 'स्टुडेन्ट अफ द इयर' बाट डेब्यु गरिन्, थोरैले मात्र स्टार किड आलियालाई गम्भीर रूपमा लिएका थिए। यदि तपाईंले त्यतिबेलाका समीक्षाहरू पढ्नुभएको थियो भने त्यसमा लेखिएका थिए - आलिया भट्टसँग न अभिनय कौशल छ, न त स्क्रिन प्रेजेन्स।

उनको प्रशंसा भइहाल्यो भने पनि उनको क्युटनेस र एक प्रकारको अपरिपक्वताका लागि हुने गर्दथ्यो। तर आलियाको अभिनयको बारेमा खास केही भनिएन। त्यसपछि सन् २०१४ मा उनको डेब्यु फिल्मको दुई वर्ष पछि नै फिल्म 'हाइवे' आयो। फिल्ममा वीरा (आलिया भट्ट), एक धनी, सम्पन्न परिवारकी छोरी अपहरणमा पर्छिन्। तीन जनाको हत्या गर्ने एक हत्यारा अपहरणकर्ता (रणदीप हुड्डा), हाइवेको लामो यात्रा र एक युवती जो यो कैदपूर्ण यात्रामा आफू र आफ्नो जीवनको प्रश्नको जवाफ खोज्न थाल्छिन्, त्यसपछि धेरै तिता सत्यहरू बाहिर आउँछन्।

# महिला क्रिकेट : एपीएफ विजयी



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २७ असोज

राष्ट्रय खेलाडीले भरिएको विभागीय टोली एपिएफले बिहीवार आयोजक गण्डकी प्रदेशमाथि ९ विकेटको फराकिलो जित निकाल्दै सेमिफाइनल सम्भावना बलियो बनाएको छ। पोखरा रंगशालामा भएको खेलमा गण्डकीले प्रस्तुत गरेको २७ रनको सामान्य लक्ष्य एपीएफले १ सय ६ बल बाँकी रहँदै भेटाउन सफल भएको हो।

अघिल्लो खेलमा संघर्षपूर्ण जित निकालेको एपिएफले यससँगै जारी प्रतियोगितामा लगातार दोस्रो जित पनि निकालेको छ। जवाफी ब्याटिङ गरेको एपीएफको तर्फबाट सीता राना मगरले ५ बलमा २ चौका प्रहार गर्दै १२ रनको पारी खेल्दा इन्दु बर्मा्ले ३ बलमा २ चौकासहित ९ रन योगदान गर्दै जित दिलाइन्। खराब लयबाट गुज्रिरहेको गण्डकीले पहिला ब्याटिङ गर्दै १८.२ ओभरमा सम्पूर्ण विकेट गुमाएर २६ रन बनाएको थियो। गण्डकीका कुनैपनि खेलाडीले दोहोरो आँकडाको योगफल तयार पार्न सकेनन्।

श्रृष्टी जैसीले बनाएको ५ रन नै गण्डकीको सर्वाधिक बन्न पुग्यो। एपीएफको बलिङमा प्लेयर अफ द म्याच इन्दु बर्माले ३ ओभरमा ४ रन खर्चिएर २ विकेट लिइन्। त्यस्तै, सुमन विष्ट, नेरी थापा, निशा भट्ट र सीता रानामगरले १-१ विकेट लिए। गण्डकीका श्रृष्टी जैसीले १ विकेट लिइन्। जितसँगै एपीएफ रुप ए को शीर्ष स्थानमा पुगेको छ। एपीएफले दुई खेलमा दुई जित हाँसिल गर्दै ४ अंक जोडेको छ।


सूचना




सोनमा गाउँपालिकाको कार्यालय, महोत्तरी

कामनी ब्यूटी पार्लर

यहाँ ब्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै ब्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी

सूचना




बलवा नगरपालिकाको कार्यालय, महोत्तरी

# सकसपूर्ण सुशासन

-सरकारी सेवा प्रवाहको मुख्य माध्यम सार्वजनिक निकायहरू हुन्। यस्ता निकायले प्रवाह गर्ने सेवालाई प्रभावकारी गराउन सरकारले निरन्तर प्रयास गरिरहेका हुन्छन्। सेवाग्राहीको सन्तुष्टि नै सेवा प्रवाहको मुख्य अभीष्ट हो। यसैका कारण सेवामा गुणस्तर वृद्धि गर्दै लान सार्वजनिक निकायहरूले आफ्ना संरचनागत एवं कानुनी आधारहरूलाई समयानुकूल गराएका हुन्छन्। सेवा प्रवाहको प्रभावकारिताका लागि आवश्यक कानुनी एवं संस्थागत आधारहरूका अतिरिक्त सेवाप्रदायकको कार्यशैली र व्यवहारले समेत सेवाको सन्तुष्टिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। नेपालको संविधानमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्नुपर्ने उल्लेख भएको छ। सुशासन ऐनमा प्रशासनिक कार्य गर्दा पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमान्दारिता, आर्थिक अनुशासन एवं भ्रष्टाचारमुक्त हुनुपर्ने व्यवस्था गरेको छ। साथै चुस्त र जनमुखी प्रशासन, प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता कायम गर्नुपर्ने स्पष्ट पारिएको छ।

निजामती सेवा ऐन, नियम एवं अन्य सेवा सञ्चालनसम्बन्धी कानुनमा सेवाग्राहीसँग इमान्दार भई नैतिक अनुशासन कायम गर्नुपर्ने स्पष्ट गरिएको छ। सार्वजनिक पदमा रहने राजनीतिक एवं प्रशासनिक पदाधिकारीले सेवा प्रवाह गर्दा भ्रष्टाचारजन्य व्यवहार र कार्यशैली देखाउन नहुने सम्बन्धमा पदाधिकारीले पालना गर्नुपर्ने आचरणमा समेत स्पष्ट भएको छ। यस्ता व्यवस्थाका सम्बन्धमा सेवा प्रवाहमा संलग्न पदाधिकारीलाई जानकारी भएकै हुन्छ। तापनि सार्वजनिक सेवा प्रवाहमा भ्रष्टाचारजन्य प्रवृत्ति रहिरहनुले सार्वजनिक सेवाप्रतिको विश्वसनियता घट्दै गएको महसुस भएको छ। यस सन्दर्भमा सेवाको विकल्पको जोखिम बढ्नु स्वाभाविक हो। यस जोखिमलाई बढ्न नदिन सेवा प्रवाहका सन्दर्भमा सार्वजनिक निकायहरूमा हुने भ्रष्टाचारजन्य प्रवृत्तिको अध्ययन गरी प्रवृत्ति नियन्त्रणका उपायतर्फ तालुक निकायहरू जिम्मेवार र संवेदनशील हुनु जरुरी भएको छ।

सेवा प्रवाहका लागि स्थापना भएका सार्वजनिक निकायहरूमा घुस लिने दिने प्रवृत्ति पुरानै हो। यसमा सुधार गर्न नसकिएको यथार्थता आज पनि कायमै छ। मूलतः राजनीतिक एवं प्रशासनिक पदाधिकारीहरूको मिलेमतोले यस कार्यमा टेवा पुऱ्याएको छ। निहित स्वार्थका लागि साँठगाँठ गर्ने र कानुन र प्रक्रियालाई गलत व्याख्या गरी सेवा प्रवाहका बहानामा भ्रष्टाचार गर्ने गराउने कार्य सहज रूपमा हुने गरेको छ। मिलेमतो एवं सेटिङमा स्थानीय तहसम्मका सेवा केन्द्रमा पुग्ने गरेका दलाल र बिचौलियाहरूको अस्वाभाविक संलग्नताले यस कार्यमा सघाउ पुऱ्याएको पाइन्छ। जनसम्पर्क बढी हुने सरकारी निकायमध्ये मालपोत, नापी कार्यालयजस्ता निकायमा मिलेमतोमा सरकारी, पर्ती, जंगल, बुट्यान, गुठी आदिका जग्गा व्यक्ति वा निजी कम्पनीको नाममा दर्ता गराई बेचबिखन गर्ने प्रवृत्ति छ। सरकारले मुआब्जा दिई अधिग्रहण गरी लिएको सरकारी, सार्वजनिक र गुठीका जग्गाहरू गैरकानुनी रूपमा व्यक्ति विशेषको नाममा दर्ता गर्ने, फिल्डबुक/कैफियत महलको विवरणविपरीत छुट जग्गा दर्ताका नाममा व्यक्ति विशेषका नाममा दर्ता गर्नेजस्ता प्रवृत्ति यस्ता निकायमा पाइएको छ। मूलतः राजनीतिक एवं प्रशासनिक पदाधिकारीहरूको मिलेमतोले भ्रष्टाचार कार्यमा टेवा पुऱ्याएको छ। दलाल र बिचौलियाहरूको अस्वाभाविक संलग्नताले यस कार्यमा सघाउ पुऱ्याएको पाइन्छ। सार्वजनिक वा व्यक्तिको अचल सम्पत्ति व्यक्ति वा समूहको नाममा गर्ने कार्यलाई नियन्त्रण गर्न सकिएको छैन। जग्गाको कित्ता हालसाबिक गर्दा साँधमा रहेको सरकारी जग्गा व्यक्तिको जग्गामा घुसाउने तथा सरकारी जग्गा आफन्तको नाममा बाँडफाँट गरी बिक्री वितरण गर्ने कार्य हुने गरेको गुनासा छन्। सरकारी वा सार्वजनिक जनिएको जग्गाको नक्कली जग्गाधनी प्रमाणपुर्जा बनाई मुद्दा हाली मिलापत्रका नाममा सरकारी जग्गा हडप्ने र अनधिकृत भोगचलन गर्ने, दर्ता स्रेस्ताको कागजात हेरफेर गरी सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्ने कार्यलाई नियन्त्रण गर्न सकिएको छैन। वास्तविक जग्गाधनीको विवरण सच्चाई नक्कली जग्गाधनी कायम गरी एक व्यक्तिको जग्गा अर्को व्यक्तिको नाममा दर्ता गर्ने, नापीको काम गर्दा, ब्लुप्रिन्ट लिन जाँदा तथा जग्गाको नक्सा ट्रेस उपलब्ध गराउँदा घुस/रिसवत माग गर्ने प्रवृत्ति पनि कायमै छ। परीक्षण गर्नुपर्ने कागजात नहेरी स्थानीय निकायको घर, बाटो चार किल्ला प्रमाणितको सिफारिस लगायत आवश्यक प्रमाण कागजात संकलन गरी राजस्व चुहावट गर्ने गरेको गुनासा आइरहेकै हुन्छन्। साथै जग्गाको मूल्यांकन गर्दा हुनुपर्ने वास्तविकभन्दा कम थैली कायम गरी पुँजीगत लाभकर र रजिस्ट्रेसन शुल्क निर्धारण गर्ने गरेको पाइएको छ। राजस्व रकम नक्कली रसिदबाट उठाई प्रचलित कानुनबमोजिम दाखिला नगरी हिनामिना गर्ने, मोठ भिडान नगरी अदालतवाट रोक्का रहेको जग्गा पास गर्ने तथा रोक्का जग्गा रोक्का छैन भनी प्रमाणित गर्ने गराउने प्रवृत्तिमा कमी आएको छैन।



सरकारी कागजात अनधिकृत रूपमा नियतवश लुकाउने, नष्ट गर्ने र अभिलेखांकन नगर्ने, जग्गा प्लटिङको नाउँमा सार्वजनिक पर्तीजग्गासमेत दुरुपयोग गर्ने लगायतका भ्रष्टाचारजन्य कार्य नियन्त्रण हुन सकेको छैन। सरकारी सेवाका लागि कार्यालयमा रहेको नागरिक बडापत्र, सहायता कक्षमा सेवासम्बन्धी आवश्यक जानकारी राखिएको छ। सेवा लिन भर्नुपर्ने फाराम, दिनुपर्ने निवेदनको ढाँचा उपलब्ध हुनुका साथै पेस गर्नुपर्ने कागजातका अतिरिक्त सेवाका प्रक्रियाका सम्बन्धमा जानकारी दिने व्यवस्था गरिएको छ।

यस्ता व्यवस्थाका आधारमा सेवाग्राहीले घुस नदिई आफ्नो काम आफैंले गर्न गराउन सक्ने हुन्छन्। तर कार्यालयमा भएका यी व्यवस्थाहरूलाई गुमराहमा राखी सेवाग्राहीलाई बिचौलियाको सहयोग लिन बाध्य गराउन कार्यालयका कर्मचारीका साथै बिचौलियाहरू समेतको भूमिका छ। मूलतः मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय, नापी कार्यालय, वैदेशिक रोजगारीका कार्यालय, भन्सार कार्यालय, उद्योग व्यवसायसँग सम्बन्धित कार्यालय, नगरपालिका, गाउँपालिकाका कार्यालय, जिल्ला प्रशासन कार्यालय, राहदानी विभाग र न्यायालयहरूमै पनि बिचौलियाहरूको संलग्नतामा भ्रष्टाचारजन्य कार्यहरू सहज रूपमा हुने गरेका गुनासा थुप्रै सुनिन्छन्। शान्ति, सुरक्षाको सुनिश्चितताका लागि गृह प्रशासनको भूमिका उल्लेखनीय छ।

*साभार : अन्नपूर्णा ।*

**कम्प्यूटर टाईप-प्रिन्ट**

सस्तो, शुलभ, उत्कृष्ट विश्वसनीय एवं भरपर्दो पत्र, पत्रिका, बुलेटिनहरु कम्प्यूटर टाईपिंग & सेटिंग तथा कम्प्यूटर टाईप-प्रिन्ट, फोटोकापी, स्केनिंग, लेमिनेशन सम्बन्धी सम्पूर्ण कामकाज गराउनका लागी सम्भन्नुहोस ।

-: दिलीप कुमार साह :-

सम्पर्क नं.-९८४४०५१४८७, ९८१७६२०२०२

एकचोटी सेवाको मौका अवश्य दिनुहोला




## सूचना

### डेंगीबाट बच्ने उपायहरू:

- एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ। त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने।
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने। पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने।
- बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने
- पूरै शरिर ढाक्ने लुगा लगाउने।
- पानी राख्ने भाँडाहरू जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं। साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं।
- काम नलाग्ने र पानी भरिन सक्ने सामानहरू जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरू पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने।
- घर/विधालयको अध्यौंरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरुमा किटनाशक औषधि छर्कने गरौं।
- कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं।

**मिथिला नगरपालिकाको कार्यालय, धनुषा**

## सूचना

### डेंगीबाट बच्ने उपायहरू:

- एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ। त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने।
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने। पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने।
- बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने
- पूरै शरिर ढाक्ने लुगा लगाउने।
- पानी राख्ने भाँडाहरू जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं। साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं।
- काम नलाग्ने र पानी भरिन सक्ने सामानहरू जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरू पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने।
- घर/विधालयको अध्यौंरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरुमा किटनाशक औषधि छर्कने गरौं।
- कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं।

**मनारसिश्वा नगरपालिकाको कार्यालय, महोत्तरी**

प्रकाशक : पवन कुमार साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम-४(मुरलीचौक), कम्प्यूटर : दिलिप कुमार साह (९८४४०५१४८७), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday